# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,परासी
## ५ नं. प्रदेश,नेपाल
सटर कोठा बहाल सम्बन्धी

# सुचना ! सुचना !! सुचना !!!

प्रथम पटक प्रकाशित मिति: २०७४/१२/२० गते)

रामग्राम नगरपालिका द्वारा निर्मित निम्न ठेगाना तथा सडकमा मोहडा भएको सटर कोठाहरु ५ (पाच) वर्ष सम्मका लागि बहाल बन्दोवस्त गर्नु पर्ने भएको हुदा रकम र सरकारी ठेक्का बन्दोवन्त ऐन २०२० र नियमावली २०२२, को प्रावधान बमोजिम तपसिलको शर्तहरु मन्जुर गरी शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो १५ (पन्ध्र) दिने सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१ शिलबन्दी वोलपत्र पेश गर्ने ब्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको ५ प्रतिशत र गैर नागरिक भए आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी वापतको रकम न.पा. को बैक अफ काठमाण्डौं को धरौटी खाता च.हि.नं ०१६५०००००१९०५२४ मा जम्मा गरेको बैक भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सूचनाको मितिले ९० दिन म्याद भएको विडवण्डको सक्कल प्रति शिलबन्दी बोलपत्र साथ दाखिला गर्नु पर्ने छ । कबोल अंकको गणना गर्दा मासिक कबोल अंकलाई ६० महिनाले गुणन गर्दा हुन आउने रकमलाई मानिने छ ।

२ सटर कोठा बहालमा लिन इच्छुक ब्यक्ति वा संघ संस्थाले यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र नागरिकताको प्रतिलिपी समेत राखी रामग्राम नगरपालिका कार्यालयमा आफुले लिन चाहेको सटर कोठाको नम्बर (जुन नम्बर नगरपालिकाले प्रत्येक सटर कोठामा सबैले देख्ने गरी लेखेको छ ।) उल्लेख गरी प्रत्येक कोठाको लागि छुट्टा छुट्टै बोलपत्र फारम खरीद गरी १६औं दिनको सम्म दिउसो १२.०० बजे भित्र उक्त बोलपत्र फारम यस रामग्राम नगर कार्यपालिकामा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र फारमलाई सोही दिन दिउसो २.०० बजे सटर कोठा लिन इच्छुक सम्बन्धित बोलपत्रदाता एवं कार्यालय प्रतिनिधीहरुको रोहवरमा रामग्राम नगरपालिकामा खोलिने छ टेण्डर खरिद गर्ने अन्तिम दिन,दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे सो को भोली पल्ट क्रमश:सम्पुर्ण कार्यहरु गरिनेछ वोलपत्र खोल्ने दिन बोलपत्रदाता उपस्थित हुन नसकेको अवस्थामा पनि तोकिएको मिती तथा समयमा दर्ता भएको बोलपत्र खोल्न भने बाधा पर्ने छैन ।

३ बोलपत्र स्विकृत भएको ब्यक्ति र दोश्रो र तेश्रो स्थानको बोलपत्रदाताको धरौटी रकम कोठा लिने बारे सम्झौता नभए सम्मको लागि राखिने छ । सम्झौता भई सके पछि मात्र धरौटी फिर्ता दिईने छ ।

४ बहालमा बस्ने ब्यक्तिले कबोल गरेको कोठाको बहाल मासिक रुपमा बुझाउनु पर्ने छ ।

५ बोलपत्र फारम, रामग्राम न.पा. कार्यालयको कर उपशाखाबाट प्रति फारम रु. ३००।०० (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिने छ ।

६ बोलपत्रदाताले कबोल गरेको मासिक बहाल रकम अंक र अक्षरमा प्रष्ट रुपमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

७ प्रति सटरको न्यूनतम मासिक वहालको रकम नगर कार्यपालिकाको मिति २०७४।१०।२९को वैठकका निर्णय अनुसार रहेको छ जुन तपसिलमा उल्लेख गरिएको छ । सो बहाल रकममा लाग्ने अन्य कर, दस्तुर, शुल्क सम्पुर्ण वहालवालाले नै वुझाउनु पर्ने छ ।

८ वहालमा लिने सटर कोठाको खानेपानी, विजुली वत्तिको व्यवस्था स्वयम आफैले गर्नु पर्ने छ ।

९ बोलपत्र स्विकृत भएको ब्यक्तिले शिलबन्दी बोलपत्र साथ राखेको धरौटी रकम सटर कोठाको सम्झौता गर्दा प्रत्येक कोठाको लागि राख्नु पर्ने जमानी वापतको रकममा समावेश गरिने छ । प्रत्येक कोठाको जमानी वापत राख्नु पर्ने रकम २० औं नगरपरिषद्को निर्णय नं. १० अनुसार पश्चीम मोहडा भएको सटरकोठाको लागि प्रति कोठा रु. ५००००।०० (पचास हजार मात्र) र पूर्व मोहडा भएको सटर कोठाका लागि प्रति कोठा

रु.२०,०००।००(बीस हजार मात्र) रहेको छ । यस सम्बन्धि अन्य शर्त नियमहरु शिलबन्दी बोलपत्र फारममा दिईएको छ । सटर कोठाको मौजूदा अवस्था आफै गई हेर्न वा विस्तृत जानकारीका लागि रामग्राम न.पा. को कर उपशाखामा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

१० बोलपत्रदाताले आफ्नो बोलपत्र स्वीकृतीको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र बहाल संभौता गर्न नआएमा निजको धरौटी जफत गरिनेछ ।

११ कुनै कारण खोली वा नखोली सटर भाडामा दिने वा नदिने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

१२ सटर कोठा बहालमा लिदा शूरु वहाल रकम दुई वर्षको लागि सम्भौता गरिनेछ । तत्: पश्चात शुरुको कवोल अङ्कको प्रतिवर्ष २० प्रतिशतका दरले बृद्धि हूदैजानेछ ।

१३ वहाल वालाले आफ्नो नाउमा लिएको सटर कोठा नगरपालिकाको स्विकृती बेगर अन्य व्यक्ति संस्था संग पुन: वहालमा लगाउन पाउने छैन ।

१४ नगरपालिकाले व्यवस्थापन गरेको शौचालयलाई बहालमा बस्ने व्यक्तिहरुले सामुहिक रुपमा प्रयोग गर्ने तथा नियमित सरसफाईको कार्य गर्नु पर्ने छ ।

१५ बहालमा बस्ने व्यक्तिले आ-आफ्नो कोठा लगायत अगाडी रहेको सडकको सफाई नियमित रुपमा गर्नु पर्ने छ साथै आफुले उत्सर्जित गरेको फोहर सड्ने र नसड्ने छुट्टाएर राख्नु पर्ने छ । दैनिक सरसफाई शूल्क कोठा बहाल लिने व्यक्तिले बुझाउनु पर्ने छ ।

१६ प्रत्येक सटर अगाडी रहेको सेडमा कुनै किसिमको सरसामान राखी व्यापार व्यवसाय गर्न पाईने छैन किनकि उक्त सेड सेवाग्राहीको किनमेल तथा आवतजावत सुविधाका लागि बनाईएकोले सधै खुला र सफा राख्नु पर्ने छ

१७ सटर कोठाको प्रयोग गर्दा कुनै किसिमको तोडफोड गरी हानीनोक्सानी गरेको पाईएमा बहालवालाले नै मर्मत गराउनु पर्ने छ । सो नगराएमा निजले राखेको जमानत रकमबाट नगरपालिकाले मर्मत गराउने छ ।

१८ सटर कोठामा ब्यापार व्यवसाय संचालन गर्दा नेपाल सरकारले प्रतिबन्धित गरेको कुनै पनि क्रियाकलाप गर्न गराउन पाईने छैन । सो गराएको पाईएमा निजको सटरकोठा नगरपालिकाले कुनै पनि समयमा खाली गराउने छ ।

१९ बहालमा बस्ने ब्यक्तिले आफु बस्ने कोठालाई प्रत्येक २/२ वर्षमा नगरपालिकाले तोकेको रंगमा रंगरोगन गर्नु पर्ने छ । सोको लागत रकम बहालमा बस्ने ब्यक्तिलेनै ब्यहोर्नु पर्ने छ ।

२० बन्द, हडताल वा अन्य कुनै कारणवस सटरकोठामा ब्यवसाय संचालन हुन नसकेमा बहाल छुट, मिनहा वा म्याद थप गरिने छैन ।

२१ सटरकोठा समझौता गर्नू भन्दा अगाडी गर्न चाहेको व्यवसाय सरकारले तोकेको निकायमा र नगरपालिकामा दर्ता गरी सो को प्रमाण पत्र पेश गरे पछि मात्र सम्झौता गरिने छ ।

२२ यसमा उल्लेख भएको यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

<u>तपसिल</u>

| (क) पश्चिम मोहडा | | |
|---|---|---|
| क.स. | सटर न. | युनतम मासिक बहाल |
| १ | १ | ४०००।०० |
| २ | २ | ४०००।०० |
| ३ | ३ | ४०००।०० |
| ४ | ४ | ४०००।०० |
| ५ | ५ | ४०००।०० |
| ६ | ६ | ४०००।०० |
| (ग) पुर्व मोहडा | | |
| क.स. | सटर न. | न्युनतम मासिक बहाल |
| १ | ४ | २०००।०० |
| २ | ५ | २०००।०० |

.. … … … … .

दिनेशराज पन्त

प्रमूख प्रशासकीय अधिकृत